# स्वशासन अध्ययन प्रतिष्ठानको आठौं साधारण सभा २०६९ मा

## कार्यकारी अध्यक्ष श्री खेमराज नेपालको तर्फवाट प्रस्तुत आ व २०६८/६९ को कार्यप्रगति तथा आ व २०६९/७० को वार्षिक कार्यक्रम र वजेट

प्रतिष्ठानका सदस्यज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

स्वशासन अध्ययन प्रतिष्ठानले आफ्नो स्थापनाको सात पुरा गरेकोछ । स्थापना देखि हालसम्म प्रतिष्ठानको कार्यकारी अध्यक्षको हैसियतमा काम गर्ने अवसर प्रदान गर्नु भएकोमा सबै सदस्यज्यूहरु प्रति हार्दिक आधार व्यक्त गर्न चाहन्छु । सदाझै यस आठौं साधारण सभामा प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएकोछु । यहाँहरु सबैको सहयोग, सद्भाव, मिहेनत र परिश्रमको नतिजा स्वरुप प्रतिष्ठानले आफ्ना कार्यक्रमहरु सशक्त ढंगवाट संचालन गर्दै आफुलाई राष्ट्रियस्तरको विशेषज्ञ सेवाप्रदायक संस्थाको रुपमा विकास गर्न सफल भएको छ । प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिको निम्ति स्थानीय निकाय, दात्री संस्था, नेपाल सरकार, तथा अन्य सहयोगी निकायहरु संग समन्वय र सहकार्य गर्ने रणनीति अनुरुप कार्य संचालन गरिरहेकोछ । गत आर्थिक वर्ष (२०६९/७०) मा प्रतिष्ठान आफ्ना प्रस्तावित कार्यहरु सम्पादन गर्न सफल भएको छ ।

सदस्य महानुभावहरु:

अव म गत आ व २०६८/६९ मा यस प्रतिष्ठानवाट सम्पन्न भएका कार्यहरुको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

प्रतिष्ठानले गत आ व मा सम्पन्न गरेका कार्यहरुको विवरण सहितको प्रकाशित वार्षिक प्रगति प्रतिवेदन सवै सदस्यज्यूहरुको फोल्डरमा राखिएको छ । उक्त कार्यहरुको संक्षिप्त रुप यहा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### (१) स्वास्थ्य सेवासंग सम्वन्धी ऐनहरुको संगालो

नेपालमा विद्यमान स्वास्थ्य सेवा सम्बन्धी ऐनहरु संकलन गरी एउटै पुस्तिकामा राखि संगालको रुपमा तयार गरिएको छ । यो काम प्रतिष्ठानले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि गरेको हो । यसवाट स्वास्थ्य सम्वन्धी सवै ऐनहरु एउटै पुस्तकमा उपलव्ध भएका छन् । यसमा जम्मा १९८ वटा ऐनहरु रहेका छन् ।

### (२) संगठन तथा व्यवस्थापन सर्वेक्षण

प्रतिष्ठानले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौंको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरेको छ । प्रतिष्ठानले पेश गरेको प्रतिवेदनमा संगठनको विद्यमान अवस्था, संस्थागत क्षमता, कर्मचारी दरवन्दी, कार्य विवरण र अस्पतालले भविष्यमा लिनु पर्ने रणनीतिहरुका वारेमा आवश्यक सुझाव दिइएको छ ।

**(३) स्थानीय स्वास्थ्य शासन सुदृढीकरण कार्यक्रमको लागि आधारभुत सर्वेक्षण**

जर्मन सहयोग नियोग (GIZ) अन्तर्गतको स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रमको प्राविधिक सहयोगमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत संचालित स्थानीय स्वास्थ्य शासन सुदृढीकरण कार्यक्रमको लागि प्रतिष्ठानले डोटी र कैलाली जिल्लाहरुमा आधारभुत सर्वेक्षण कार्य सम्पन्न गरेको छ । डोटीका २६ र कैलालीका २४ गरी जम्मा ५० गाविसका स्वास्थ्य शासन र स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवा सम्वन्धी स्थलगत सर्वेक्षण गरिएको थियो । सर्वेक्षण कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन पेश गरि सकिएको छ ।

**(४) लैङ्गिक उत्तरदायी सेवा प्रवाहको लागि लैङ्गिक समानता र महिला अधिकार सम्बन्धी कार्यक्रम**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लागि नेपाल वातावरण संरक्षण केन्द्रले लैङ्गिक उत्तरदायी सेवा प्रवाहको लागि लैङ्गिक समानता र महिला अधिकार सम्बन्धी कार्यक्रम संचालन गरेको छ । यस कार्यमा प्रतिष्ठानको पनि आवद्धतामा रहेको थियो । मुलुकका १० जिल्लाहरुमा संचालित यस कार्यक्रम अन्तर्गत प्रशिक्षण म्यानुअलहरु तयार गरी जिल्लास्तरमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएका छन् । यस कार्यक्रमले विभिन्न तालिम, गोष्ठी, सेमिनार आदिका माध्यमवाट महिला सशक्तिकरण, विपन्न वर्गको सहभागिता र उनीहरुको क्षमता विकासमा सहयोग पुऱ्याएको छ । यो कार्यक्रम सम्पन्न भैसकेकोछ ।

**(५) जिविस तथा नगरपालिकाको न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन अध्ययन**

विगतको वर्षहरुमाझै यस वर्ष पनि प्रतिष्ठानले स्थानीय निकाय वित्तीय आयोगवाट हरेक वर्ष सम्पादन गर्दै आएको जिविस तथा नगरपालिकाहरुको न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन सम्वन्धी अध्ययन कार्यमा आफ्नो संलग्नता देखाएकोछ । गत आर्थिक वर्ष २०६८/६९ मा प्रतिष्ठानले ७ वटा जिविसहरु ( गोरखा, धादिङ्ग, नुवाकोट, रसुवा, मुगु, हुम्ला र बर्दिया) र ४ वटा नगरपालिकाहरु (नेपालगंज, गुलरीया, टीकापुर, र धनगढी) को न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन कार्य सम्पन्न गरी प्रतिवेदन वुझाएको छ । साथै अन्य दुई वटा जिविसहरु (धनकुटा र मोरङ्ग) को न्यूनतम् शर्त तथा कार्य सम्पादन मापनको गुणस्तर परीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन वुझाई सकेकोछ ।

**(६) वैकल्पिक उर्जा सम्वन्धी तालिम तथा अध्ययन भ्रमण**

प्रतिष्ठानले गत आवमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा अफगानिस्तानको नेसनल एरिया वेस्ड डेभलपमेण्ट कार्यक्रम अन्तर्गत कार्यरत अफगानी ईन्जिनियरहरुको लागि वैकल्पिक उर्जा सम्वन्धी १४ दिने तालिम तथा अध्ययन भ्रमण कार्य सम्पन्न गरेको छ । प्रशिक्षण काठमाडौंमा संचालन गरिएको थियो भने सहभागिहरुलाई काठमाडौंमा रहेका वैकल्पिक उर्जा सम्बन्धी सेवा प्रदायक निकाय र नगरकोट, पोखरा, वुटवल र तनहुँको स्थलगत अध्ययन भ्रमण गराईएको थियो । उक्त भ्रमणमा ग्रामीण उर्जा प्रविधि सम्बन्धी मेसिन औजारहरुको उत्पादन, सामाजिक परिचालन र स्थानीयस्तरमा लघु जलविद्युत उत्पादन, उत्पादित विद्युत वितरण र व्यवस्थापन र कार्यक्रममा स्थानीय निकायको सहयोग, समन्वय र अपनत्व सम्बन्धि क्षेत्रमा भए गरेका कार्य र समुदायको विद्यमान अवस्थाका वारेमा स्थलगत जानकारी गराईएको थियो । यो कार्यक्रम निकै प्रभावकारी र उपयोगी भएको प्रतिक्रिया प्राप्त भएको छ ।

### (७) गाउँ उद्यम विकास योजना तर्जुमा

लघु उद्यम विकास कार्यक्रमको सहयोगमा प्रतिष्ठानले वैतडी, दैलेख, सुर्खेत, बाँके, सल्यान, र रुकुम गरी छ जिल्लाका जम्मा नौ गाविसहरुको आवधिक गाउँ उद्यम विकास योजना तर्जुमा गरेकोछ । यस्ता योजनाहरु गाविसले स्वीकृत गरेर कार्यान्वयनमा ल्याएकोछ ।

### (८) बालमैत्री स्थानीय शासन सुदृढीकरण

वर्ल्ड भिजन ईन्टरनेसनल, नेपाल र युनिसेफको सहयोग तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा प्रतिष्ठानले बालमैत्री स्थानीय शासन पद्धतिको सुदृढीकरणमा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ । गत आ व मा प्रतिष्ठानले बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम तथा अभिमुखिकरण गोष्ठी सम्पन्न गर्ने र बालमैत्री स्थानीय शासन कार्यान्वयनको समीक्षा गर्ने कार्य सम्पन्न गरेकोछ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा यसको कार्यान्वयनमा प्रतिष्ठानले जिविस, नपा, र गाविसहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउदै आएकोछ । उक्त रणनीति तयार गर्न प्रतिष्ठानले महत्वपूर्ण प्राविधिक सहयोग उपलब्ध गराएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु ।

### (९) सव नेसनल गभरनेन्स

नेपालका विभिन्न नगरपालिकाहरुको क्षमता विकास र शासन पद्धतिमा सुधार ल्याउन जर्मन सहयोग निगमको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकराले सव नेसनल गभरेन्स कार्यक्रम संचालन गरेको छ । एक जर्मन कम्पनी जेएफ्एले कार्यान्वयन गर्ने यस कार्यक्रममा प्रतिष्ठान स्थानीय साझेदारको रुपमा रहेको छ । खासगरी नगरपालिकाहको शासन व्यवस्था सुधार प्रक्रियामा प्रतिष्ठानको भुमिका रहने भए तापनि हाल प्रतिष्ठानको काम शुरु भएको छैन ।

### (१०) स्थानीय निकायको कोष व्यवस्थापन अध्ययन

सुशासनका आधारभुत खम्वाको रुपमा रहेका पारदर्शिता तथा जवाफदेहीता जस्ता विषयहरुलाई आधार मानि स्थानीय निकायहरु (जिविस, नपा, गाविस) कोष व्यवस्थापन सम्बन्धी अध्ययन भैरहेकोछ । ट्रान्सपेरेन्सि ईन्टरनेसनलको लागि गरिएको यो अध्ययन चालु आवमा सम्पन्न हुनेछ ।

### सम्पन्न हुन नसकेका कार्यक्रमहरुः

(१) लघु वित्त बैंक स्थापनाः स्वशासन अध्ययन प्रतिष्ठान, नामसालिङ्ग सामुदायिक विकास केन्द्र, महिलाको हात, र ईन्फिनिटि सहकारीको साझेदारीमा ईलाम जिल्लामा केन्द्र रहने गरी इलाम र झापा जिल्लालाई कार्यक्षेत्र मानेर लघु वित्त बैंक स्थापना गर्ने कार्य प्रारम्भ गर्ने गरी गत वर्षको साधारण सभाले निर्णय गरेकोमा सो प्रकृयाको प्रारम्भिक कार्य गरी वित्तीय संस्था दर्ताको लागि नेपाल राष्ट्र बैंकमा निवेदन पेश गरिएको छ । तर यस प्रकृयाका कतिपय कानूनी तथा व्यवहारिक जटिलताका कारण यस प्रकृयालाई अगाढी वढाउन सकिएन । त्यसैले लघु वित्त बैंक स्थापना सम्बन्धी कार्यक्रम हालको लागि रद्द गर्न प्रस्ताव गरेको छु ।

(२) स्थानीय निकायको साझेदारीमा नेपालका कुनै स्थानीय निकायमा स्वशासन सम्बन्धी कार्यक्रम संचालन गर्ने गरी गत साधारण सभाले निर्णय गरेकोमा कार्यक्रम संचालन सम्बन्धी प्रारम्भिक खाका तयार गरी कार्य समितिमा छलफल प्रारम्भ गरिएको छ, तर यसको कार्यान्वयन हुन सकेको छैन ।

**हाल संचालनमा रहेका कार्यक्रमहरु**

- बालमैत्री स्थानीय शासन सुदृढीकरण (युनिसेफ तथा वर्ल्ड भिजन ईन्टरनेसनल को आर्थिक सहयोग)
- स्थानीय निकायको कोष व्यवस्थापन (ट्रान्सपेरेन्सि ईन्टरनेसनल नेपाल)
- जिल्ला लघु उद्यम विकास रणनीतिक योजना तर्जुमा मार्गदर्शन तयारी (लघु उद्यम विकास कार्यक्रम)

**अन्य कार्यहरु :-**

- आ व २०६८/६९ मा यस प्रतिष्ठानको कार्य समितिको ६ वटा औपचारिक वैठकहरु सम्पन्न भएका छन् ।
- प्रतिष्ठानले अन्य संस्थाहरुसंग सम्वन्ध विकास र विस्तार गर्दै जाने नीति लिएकोछ । यसै सिलसिलामा आ व २०६८/६९ मा विभिन्न संघ संस्था वा निकायहरु वाट आयोजना भएका गोष्ठी, वैठक, सेमिनारहरुमा प्रतिष्ठानको तर्फवाट सहभागिता भएको छ ।
- प्रतिष्ठानको आ व २०६८/६९ को लेखा परीक्षण सम्पन्न भएको छ ।
- प्रतिष्ठानको आ व २०६९/७० को लागि दर्ता नविकरण भैसकेको छ ।
- प्रतिष्ठानको आ व २०६८/६९ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएकोछ ।
- विसं २०६९ को भित्ते पात्रो प्रकाशन र वितरण भएको छ ।
- प्रतिष्ठानका उपाध्यक्ष श्री बीरेन्द्र बहादुर देउजा ले तयार गर्नु भएको ८ प्रदेश सहितको राज्य पुनर्संरचनाको प्रस्तावित खाका प्रतिष्ठानको तर्फवाट सुझावको रुपमा राज्य पुनर्संरचना आयोगमा पेश गरिएको छ ।
- प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री खेमराज नेपालद्वारा लिखित समाज, संस्कार, र शासन नामक पुस्तक प्रकाशन गरिएको छ । यसको वितरकमा ज्ञान विज्ञान सहकारी संस्था रहेकोछ ।
- प्रतिष्ठानको सवल तथा सुधार गर्नुपर्ने पक्षहरु समेटिने गरी स्वतन्त्र रुपमा व्यवस्थापन अध्ययन गरिएकोछ ।
- प्रतिष्ठानको आर्थिक तथा कर्मचारी प्रशासन विनियम तयार भएको छ । यसलाई कार्य समितिले स्वीकृत गरी कार्यान्वयनमा ल्याउनेछ ।
- प्रतिष्ठानको कार्यालय डिसेम्वर १, २०१२ देखि हालको कालिकास्थानवाट मध्य वानेश्वरमा सर्नेगरी निर्णय भएकोछ ।
- प्रतिष्ठानको उद्देश्यसंग मेलखाने विषयहरुमा कार्य गर्न विभिन्न निकायहरुमा प्रस्ताव पेश गर्दै आईएको छ ।
- पछिल्लो पटक नेपालमा साझेदारी नेतृत्व तथा सम्वाद कार्यक्रम सम्बन्धी सामाजिक-राजनैतिक अध्ययन-अनुसन्धान का लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममा प्रस्ताव पेश गरिएकोछ ।

## आगामी वर्षको लागि प्रस्तावित कार्यक्रमहरु

- चालु कार्यक्रमहरु सम्पन्न गरिनेछ ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आर्थिक वर्ष २०६९/०७० मा प्रतिष्ठानका उद्देश्य अनुरुपका कार्यहरु जारी राखिनेछ ।
- स्थानीय निकाय लगायत अन्य सरकारी तथा गैर सरकारी संस्था संग सहकार्यमा काम गरिनेछ ।
- प्रतिष्ठानले अनुसन्धान र अध्ययन सम्वन्धी कार्यलाई सकृयताका साथ निरन्तरता दिईनेछ ।
- समसामयिक विषयमा कार्यशाला तथा अन्तरक्रियाहरु गरिनेछ ।
- मानवीय विकासका सन्दर्भमा विषयगत तालिम, तथा गोष्ठीहरुमा संस्थाको तर्फवाट आवश्यकता अनुसार सहभागिता रहनेछ ।
- उपयुक्त देखिएका पुस्तक तथा वुलेटीनहरु प्रकाशन गरिनेछ ।
- प्रतिष्ठानको हितका लागि कार्य समितिले आवश्यक ठानेका कार्यहरु गर्दै जानेछ ।

## प्रतिष्ठानको आर्थिक वर्ष २०६८/६९ को यथार्थ तथा आर्थिक वर्ष २०६९/७० अनुमानित बजेट

- प्रतिष्ठानले गत आव २०६८/६९ मा कूल रु १ करोड १७ लाख २० हजार १९३ रुपियाको कारोवार गरेको छ ।
- चालु आव २०६९/७० मा प्रतिष्ठानको कूल वजेट रु ९८ लाख ९६ हजार ५२३ हुने अनुमान गरिएको छ ।

यस सम्वन्धी विस्तृत विवरण कोषाध्यक्षको प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रतिष्ठानको आ व २०६८/६९ को कार्य प्रगति र आ व २०६९/७० को प्रस्तावित कार्यक्रम तथा वजेटको समष्टिगत स्वरुप पारित गरिदिनहुन हार्दिक अनुरोध गर्दछु ।

<u>सदस्य महानुभावहरुः</u>

प्रतिष्ठानका कार्यक्रमहरुमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरकारी तथा गैर सरकारी क्षेत्र, विकास साझेदार र स्थानीय निकाय तथा समुदाय प्रति प्रतिष्ठानको तर्फवाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा, प्रतिष्ठानले हालसम्म गरेका कार्यहरु उपर प्रतिक्रिया तथा सुझाव सल्लाह प्रस्तुत गरी प्रतिष्ठानलाई आगामी दिनमा अझ व्यवस्थित ढंगवाट संचालन गर्न हौसला प्रदान गरिदिनुहुने सम्पूर्ण सदस्य तथा शुभेच्छुक महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । विगतमा जस्तै आगामि दिनहरुमा पनि यहाँहरु सबैको साथ सहयोग प्राप्त भैरहने अपेक्षा गर्दछु ।

धन्यवाद ।

२०६९ मंसिर ८ गते शुक्रवार
काठमाडौं ।